# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा
कोशी प्रदेश, नेपाल
आन्तरिक आय संकलनको लागि

## बोलपत्र/ शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२०

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८२/०८३,२०८३/०८४ र २०८४/०८५ को लागि वार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको web Portal www.bolpatra.gov.np/egp विधुतीय माध्यमबाट बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक वार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| BTMMUN/REVENUE /NCB-27/081/82 | विज्ञापन कर | २८,१०,०००/- (अक्षरुपी अट्ठाइस लाख दश हजार रुपैया मात्र) | कबोल अंकको ५% | ३०००/- | २०८२/०४/१८ गते दिनको १२ बजे भित्र | प्रत्येक आर्थिक वर्ष कबोल अंकको आधारमा १० प्रतिशत वृद्धि गरी तीन आर्थिक बर्षको लागि ठेक्का रकम कायम हुनेछ । |

नोट : बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेबसाइट https://birtamodmun.gov.np/ne वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

३/१९

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

# विर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

विर्तामोड, झापा
कोशी प्रदेश , नेपाल।

फोन नं. ०२३-[illegible]
फ्याक्स नं. ०२३-[illegible]


# आ.व. २०८२/०८३,२०८३/०८४ र २०८४/०८५ मा विर्तामोड नगरपालिकाको विज्ञापन कर संकलन सम्वन्धी बोलपत्र फाराम

**ठेक्का नं:-** BTMMUN/REVENUE/NCB-27/081/82

**२०८२, असार**

# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा

कोशी प्रदेश, नेपाल

आन्तरिक आय संकलनको लागि

**बोलपत्र आव्हान गरिएको सुचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२०

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८२/०८३,२०८३/०८४ र २०८४/०८५ को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको web Portal www.bolpatra.gov.np/egp विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| BTMMUN/REVENUE/NCB-27/081/82 | विज्ञापन कर | २८,१०,०००/- (अक्षरुपी अठ्ठाइस लाख दश हजार रुपैया मात्र) | कवोल अंकको ५% | ३०००/- | २०८२/०४/१८ गते दिनको १२ बजे भित्र |

**शर्तहरु**

१. इच्छुक बोलपत्रदाताले फर्म/कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, PAN/ VAT दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रलाई Scan गरेर तोकीएको मिति र समयभित्र upload गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैंक शाखा बिर्ताबजारमा रहको आन्तरिक राजश्व खाता नं २४६२०५००२८३५४००२ जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट scan गरी पेश गर्नुपर्नेछ ।बोलपत्रको दस्तुर बापतको रकम फिर्ता हुनेछैन ।

३. बोलपत्रसाथ धरौटी बापत मू.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको एन.आइ. सि. बैक शाखा बिर्ताबजारमा रहेको धरौटी खाता नं २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको सूचना जारी भएको मितिबाट बोलपत्रको हकमा १२० (एक सय बीस) दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र पेश गर्दा Scan गरेर upload गर्नुपर्नेछ।

४. विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन विदा पर्न गएमा उक्त

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

कार्य पछि कार्यालय खुलेको दिन १२:०० बजेसम्म दाखिला गर्न तथा सोही दिनको २:०० बजे खोल्न समय कायम गरिनेछ।

५. बोलपत्र फाराममा कबोल अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्रसाथ धरौटी वापत मू.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत वापतको रकम यस कार्यालयको एन.आइ. सि. बैंक शाखा बिर्तावजारमा रहेको धरौटी खाता नं २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यताप्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको सूचना जारी भएको मितिबाट बोलपत्रको हकमा १२० (एक सय बीस) दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडवण्ड) बोलपत्र पेश गर्दा Scan गरेर upload गर्नुपर्नेछ।

७. बोलपत्रदाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कार्वाहीमा स्वार्थ नवाझिएको र सम्बन्धित कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्व: घोषणा कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ । नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर बक्यौता रकम भएमा फर्महरुले बाँकी कर बक्यौता रकम नबुझाएसम्म निजले बोलपत्र खरिद तथा पेश गरेको बोलपत्र अमान्य घोषित गरिनेछ र बोलपत्र जमानत जफत गरि बक्यौता असुलउपर गरिनेछ ।

८. कुनै कारण जनाइ नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय निहित हुनेछ ।

९. ठेक्का अवधि तीन आर्थिक वर्ष (२०८२/०८३,२०८३/०८४ र २०८४/०८५) सम्मको हुनेछ ।

१०.बिर्तामोड नगरपालिका क्षेत्रभित्रबाट ठेक्कामा उल्लेखित कर, दस्तुर तथा शुल्क संकलन गर्दा बिर्तामोड नगरपालिकाले पारित गरेको आर्थिक ऐन बमोजिमको दरमा संकलन गर्नुपर्नेछ। सो दर बाहेक कुनै कर, दस्तुर र सेवाशुल्क लिन पाइने छैन ।

११.माथि उल्लेखित शर्तहरु तथा अन्य शर्तमा उल्लेखित बुँदाहरु बाहेकको हकमा बिज्ञपान (नियमन गर्ने) ऐन २०७६ नियमावली २०७७, बाह्य विज्ञापन सम्बन्धी मापदण्ड २०८१ र बिर्तामोड नगरपालिकाको बिज्ञापन सम्बन्धी निर्देशिका २०८१ र प्रचलित कानुन तथा नगर कार्यपालिकाको निर्णय अन्तिम हुने हुनेछ ।

१२.ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण इ-बिडिङ तथा बिर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट लिन सकिनेछ। बोलपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ ।

<u>अन्य शर्तहरु</u>

१. शर्त राखि पेश गरेको, रीत नपुगेको वा म्याद नाघी आएका बोलपत्र माथि कुनै प्रकारको कारबाही हुने छैन ।

२. उल्लेखित आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका वखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मूल्यअभिवृद्धि कर(VAT) आफुले कबोल गरेको अंकमा थप गरी वा जम्मा गरेको भौचर सहित एकमुष्ठ रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ ।साथै किस्तामा रकम बुझाउने गरी ठेक्का सम्झौता गर्दा सोही अनुसार किस्तामा भ्याट रकम समावेश गरी वा जम्मा गरेको भौचर सहित बुझाउनु पर्नेछ।

३. बोलपत्र स्वीकृत भएपछी सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले बोलपत्रको हकमा १५ दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछीको रितपूर्वकको बोलपत्रदातालाई ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

४. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत रकम छुट दिइनेछ ।

५. कुल कबोल अंकलाई ३ किस्ता कायम गरिनेछ ।पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगावै बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कबोल अंकको ३० प्रतिशत र तेस्रो किस्ता

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

सोमनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बापत कबोल अंकको ३० प्रतिशत सम्झौतामा तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नबुझाएमा बाँकी रकमको विर्तामोड नगरपालिकालाई १० प्रतिशतले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

६. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तावन्दी बुझाउनेको हकमा पहिलो किस्ताको रकम बुझाए पछि बाँकी रहने दोस्रो र तेस्रो किस्ताको बुझाउन बाँकी रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा वितिय संस्थाबाट जारी गरिएको २०८५ साल श्रावण मसान्तसम्म अवधि भएको कार्य सम्पादन जमानत (पर्फमेन्स बैंक ग्यारेन्टी ) प्राप्त भएपछी ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ।

७. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. नेपाल सरकार तथा विर्तामोड नगरपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।

९. शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सोमा कार्यालयको छाप लगाई छापिएको रसिदको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१०.ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको पत्र पेश भएपछी मात्र धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

११.शुल्क संकलन गर्दा दोहोरो नहुने गरी एकरुपता कायम गरी संकलन गर्नुपर्नेछ र शुल्क संकलन गर्ने स्थानमा संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधरणले देखे गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । राजश्व संकलन गर्दा अनिवार्य नगरपालिकाबाट प्रमाणित रसिदबाट गर्नुपर्नेछ ।

१२.ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा दिइने छैन ।

१३. अन्य विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

# विर्तामोड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विर्तामोड, झापा
कोशी प्रदेश , नेपाल।

## बोलपत्र फाराम

## Bill of Quantity(BOQ)

ठेक्का नं :- BTMMUN/REVENUE/NCB-27/081/82

विर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय विर्तामोड, झापा कोशी प्रदेश, नेपाल

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

| कर उठाउन पाउने श्रोतको विवरण | न्यूनतम कबोल अंक (मू.अ.कर सहित) | आफुले कबोल गर्न चाहेको रकम (मू.अ कर सहित) | | कैफियत |
|---|---|---|---|---|
| | | कबोल अंक (जम्मा अंकमा) | अक्षरमा | |
| विज्ञापन कर | २८,१०,०००/-(अक्षरुपी अठ्ठाइस लाख दश हजार रुपैया मात्र) | | | |

वोलपत्रदाताको विवरण

फर्मको नाम:-
प्रोपराईटरको नाम थर :-
स्थायी ठेगाना:-
अख्तियारवालको नाम थर :-

ठेगाना:-
फोन नं:-

हस्ताक्षर:-
फर्मको छाप:-
मिति :

CamScanner

**अनुसूची–७**

**(दफा ८ सँग सम्बन्धित)**

**नगरपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु**

**राजश्व संकेत नं ३३३४३**

१. स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम कुनै पनि उद्योगहरु, व्यवसायिक संघ संस्था, कलकारखानाहरुले नगरपालिकाको शहरी क्षेत्र भित्रको सार्वजनिक स्थलमा कुनै सांकेतिक वोर्ड वा विज्ञापनको होडिङ्ग बोर्ड, व्यानर नगरपालिकाको पूर्व स्वीकृतमा राख्न पाउँनेछन् र सो वापत देहाय अनुसार कर लाग्नेछ ।

| सिनं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १ | Glow sine Board सस्तो | वर्ग फिट | ७० |
| २ | 2D-3D Boad | वर्ग फिट | १०० |
| ३ | Hoarding Board | वर्ग फिट | ८०-१०० |
| ४ | Light Hoarding Board | वर्ग फिट | ११० |
| ५ | Led Display Hoarding Board | वर्ग फिट | ३५० |
| ६ | Flex print Board/DPS Board | वर्ग फिट | २० |
| ७ | भित्तेलेखन | वर्ग फिट | १० |
| ८ | छाता मार्फत गर्ने | प्रति छाता | १५० |
| ९ | बेलुन डमी | प्रति दिन | ७०० |
| १० | पोल व्यानर | वर्ग फिट | १० |
| ११ | State Gate /स्वागतद्वार | प्रति हप्तागोटा / | ३००० |
| १२ | LED Screen/Digital display Board | बार्षिक | १२००० |

**क.)** माथि उल्लेखित विज्ञापन निजि घरमा राखी विज्ञापन गरेमा विज्ञापन सामाग्रीमा लाग्ने करको ७५ प्रतिशत संकलन गरिनेछ तथा सार्वजनिक क्षेत्रमा राखिएको विज्ञापन सामाग्रीमा शत प्रतिशत लिइनेछ ।

**ख.)** पोल व्यानर राख्नु भन्दा अगावै कार्यालयसँग अनुमति लिएर मात्र राख्नुपर्नेछ। यसरी राखिएका पोल व्यानर कति समयको लागि राखिने हो त्यो समय पछी पोलबाट व्यानर कम्पनी आफैले

सागर मिश्र
प्रमुख प्र... अधिकृत

हटाउनु पर्नेछ । होडिङ वोर्डको हकमा पुरानो व्यानर तथा च्यातिएका व्यानर राखेर शहरको सौदर्य नास गर्न पाइने छैन ।

२. विज्ञापन बोर्ड, होडिङ्ग बोर्ड तथा व्यानर राख्ने स्थलको हकमा नगरपालिकाको स्वीकृति र तोकेको क्षेत्रमा मात्र दिईनेछ ।

३. निजी घरमा नगरपालिकाको स्वीकृति विना प्रचार सामाग्री (होडिङ्ग वोर्ड राखेमा वा राख्न दिएमा सम्वन्धित घरधनीसँग विज्ञापन कर अशुल गरिनेछ ।

४. विज्ञापन कर नतिरेका कुनैपनि होडिङ्ग वोर्ड, व्यानर, तथा विज्ञापन सामाग्रीहरु नगरपालिकावाट हटाईने छ ।

५. विज्ञापन सामाग्रीहरुको ईजाजत जाँच साथै स्थलगत अनुगमनको व्यवस्था नगरपालिकाको नगर प्रहरी उपशाखाले गर्नेछ ।

६. उल्लेखित कर नगरपालिकाले ठेक्कावाट पनि असुल गर्न सक्नेछ ।

७. चेतनामुलक एवं सामाजिक सचेतनाका लागि राख्नु पर्ने विज्ञापनको नगरपालिकावाट पूर्व अनुमति लिइएको खण्डमा नगरपालिकाले विज्ञापन कर निशुल्क गर्ने छ ।

८. विदेशी विज्ञापन सामग्रीमा विज्ञापन कर दोब्बर लिईने छ ।

९. फर्म कम्पनीको नामको लागि राखिने परिचय पाटी ३६ वर्ग फिट सम्मका सामग्रीमा विज्ञापन कर लिइने छैन । सो भन्दा माथिको साइज भएका परिचयपाटी राख्नु चाहेमा नियमानुसार लाग्ने विज्ञापन कर तिरि राख्न पाइने छ ।

१०. सुर्तिजन्य, मदिरा तथा नेपाल सरकारवाट प्रतिवन्धित तथा बिर्तामोड नगरपालिकाबाट निषेध गरिएका वस्तु तथा सेवाको विज्ञापन प्रचारप्रसार गर्न पाईने छैन ।

११. निषेध गरिएका वस्तु तथा सेवाहरुको विज्ञापन गरे/गराएमा नियम उल्लङ्घन गरेको मानि रु ५०००/- जरिवाना गरी विज्ञापन सामग्री हटाईने छ ।

१२. विज्ञापन सामग्री राख्न स्वीकृत लिएको समयावधी सकिनु अगावै अनुमति नवीकरण गर्नु पर्ने छ । उक्त अवधिमा नवीकरण नगरेमा १५ दिनभित्र विज्ञापन सामग्री विज्ञापनकर्ता आफैले हटाउनु पर्नेछ ।

१३. स्वीकृत नलिएका विज्ञापन सामग्री जुनसुकै बखत नगरपालिकाले हटाउन सक्ने छ । त्यस्तो सामग्री हटाउदा लाग्ने खर्च सम्बन्धितबाट असुल उपर गरिनेछ ।

१४. विज्ञापन सामग्रीमा लाग्ने विज्ञापन कर समयमा नतिर्ने फर्म कम्पनीलाई करमा शत प्रतिशत जरिवना गरि व्यवसाय करसँग एकमुष्ठ असुल गरिनेछ ।

बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बिर्तामोड, झापा, कोशी प्रदेश, नेपाल

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत